नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २६३ २०८३ साल जेठ १४ गते बिहीबार (28 May 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : दलित समुदायः संघर्ष, सीप ... ३ पृष्ठमा : विकास निर्माणका लागि ... ३ पृष्ठमा : नासाद्वारा चन्द्रमाको सतहमा ...

## अनिताको हत्या आरोपमा छिमेकी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ स्थित बनरझुलाकी अनिता देवी रायको हत्या आरोपमा एक जना पक्राउ परेका छन्।

स्थानीय छोटु भनिने विरेन्द्र रायकी ३२ वर्षिया पत्नी अनिता देवी रायको हत्या आरोपमा छिमेकी ३० वर्षिय बब्लु राय पक्राउ परेको प्रहरीले जनाएको छ।

अनिताका पति विरेन्द्रको जाहेरीको आधारमा छिमेकी बब्लुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक एवं प्रवक्ता डम्बरबहादुर पुरीले



जानकारी दिए।

पक्राउ परेका रायमाथि कर्तव्य ज्यान मुद्दा दर्ता गरि पक्राउ परेको मितिबाट लागू हुने गरि सप्तरी जिल्ला अदालत राजविराजबाट ७ दिनको म्याद लिई अनुसन्धान अगाडि बढाइएको उनले बताए।

घटना विवरण अनुसार अनिता बैशाख २३ गतेदेखी हराइरहेको थिइन्। उनको शव एक सातापछी सोही स्थानको ९ किलोमिटर भन्ने स्थानमा रहेको कोशी नदीको स्परमा फेला परेको थियो।

अनिताको शव अर्धनग्न तथा सडेगलेको अवस्थामा फेला परेको थियो। उनले लगाएको साडीले हात खुट्टा बाँधिएको, निजका पतिले प्रयोग गर्ने भेष्टमा गह्रौं ढुङ्गा हालेर घाँटीमा बाँधिएको अवस्थामा शव फेला परेकाले हत्या गरी शव लुकाउने प्रयास भएको प्रहरीले आशंका गरेको थियो।

अनिताका श्रीमान् बिरेन्द्र विगत दुई बर्षदेखि रोजगारीका सिलसिलामा विदेशमा थिए। घटनाको खबर पाएपछी उनी नेपाल फर्किएका हुन्।

## 'ज्येष्ठ नागरिक' शब्द कायम गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ।**

ज्येष्ठ नागरिक जिल्ला संघ सप्तरीले 'ज्येष्ठ नागरिक' शब्द कायम गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत प्रधानमन्त्री बालेन्द्र शाहलाई ज्ञापनपत्र बुझाएको छ।

बुधबार संघका जिल्ला अध्यक्ष राम नरेश सिंहको नेतृत्व पुगेका ज्येष्ठ नागरिक जिल्ला संघका पदाधिकारीहरुले प्रमुख जिल्ला अधिकारीमार्फत उक्त ज्ञापनपत्र प्रधानमन्त्री कार्यालय सिंहदरबार काठमाडौलाई बुझाएको हो।

दुई बुँदे माग राखी प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई बुझाइएको ज्ञापनपत्रमा मन्त्रालयको नाममा ज्येष्ठ नागरिक भन्ने शब्द नहटाइयोस, ज्येष्ठ नागरिक ऐन २०६३ (संशोधन २०७९) सहित र ज्येष्ठ नागरिक नियमावली २०६५ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिक संघसंस्थालाई कुण्ठित हुने गरि ज्येष्ठ नागरिक शब्दलाई हटाइएको हुँदा उक्त शब्दलाई यथावत समाबेश गर्न माग गरिएको छ।

प्रधानमन्त्री शाह नेतृत्वको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिक शब्द हटाएर अन्य राखिएकोप्रति आपत्ति जनाएको ज्ञापनपत्रमा देशका लागि योगदान गरेका ३० लाख ज्येष्ठ नागरिक अगुवाको अपनाउन गरेको तथा सरकारको निर्णयले लाखौं ज्येष्ठ नागरिकहरुको अबमुल्यन भएको जनाएको छ।

बुझाइएको ज्ञापनपत्रमा शान्तिपूर्ण संघर्षबाट सुनुवाइ नभए देशव्यापी सशक्त आन्दोलनमा उत्रिएन बाध्य हुने चेतावनी समेत दिइएको छ।

## बाढीबाट हुने क्षति रोक्न सुझाव संकलन



**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ।**

नेपालमा पूर्वानुमानमा आधारित पूर्व कार्यको सुदृढीकरण परियोजना अन्तरगत राजविराजमा "पूर्व सूचना प्रणाली सम्बन्धी "टेबल टप सिमुलेशन" कार्यक्रमको आयोजना गरी सरोकारबालासँग सुझावसहित सचेतना जगाउने प्रयास गरेको छ।

आसमान नेपालले तिलाठी कोइलाडी गाउँपालिकाको समन्वय तथा कोकाकोला फाउण्डेशन र मेरसी क्रोप्सको सहयोगमा संचालन गरेको कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, संचारकर्मी, रेडक्रसकर्मी, यूवा क्लबका पदाधिकारी, सुरक्षा निकाय र समाजका अगुवाहरुसँग सुझाव संकलन गरेको छ।

कार्यक्रमका सहभागिहरुले वर्षातका बेला बाढीले दुःख दिने गरेको भन्दै यसको पूर्व तयारी र नियन्त्रणका लागि गरिनुपर्ने उपायबारे लिखित सुझाव बुझाएका छन्।

उनीहरुले चुरे क्षेत्रको संरक्षण, नदीहरुका तटबन्धमा मजबुत तरीकाले गुणस्तरिय काम, बाढी पूर्वको सूचना प्रणालीलाई अझ प्रभावकारी बनाउन, बाढीका क्रममा पीडितलाई सुरक्षित स्थानमा वासको व्यवस्था, खोज र उद्धार प्रकृया सम्बन्धी अभ्यासलाई निरन्तरता तथा सचेतनाका विभिन्न कार्यक्रमहरु चलाउनु पर्ने सुझाव दिएका छन्।

कार्यक्रममा सहजकर्ता बिराज पोखरेलले विपद्को सामना तथा बाढीबाट जोगिन र क्षति न्यूनिकरण गर्ने उद्देश्यले यस्तो कार्यक्रम संचालन गरिएको भन्दै यसमा सबै सरोकारवाला निकायको साथ र सहयोग आवश्यक रहेको बताए।

तिलाठी कोइलाडी गाउँपालिका अध्यक्ष अरुण मण्डलको अध्यक्षता तथा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा आसमान नेपालका कार्यक्रम संयोजक अशोक

*बाँकी अन्तिम पृष्ठमा*

## वर्तमान अवस्थामा पत्रकारिता पेशा अत्यन्त नाजुक : वक्ताहरु

**सतिश दत्त**
**राजविराज, १३ जेठ।**

पत्रकार कृष्ण सेन ईच्छुकको २४औं स्मृति दिवस बुधबार एक कार्यक्रम गरी मनाइएको छ।

प्रेस सेन्टर नेपाल सप्तरीको आयोजनामा आयोजित "वर्तमान अवस्थामा सञ्चार माध्यमको अवस्था" विषयक अन्तरक्रिया कार्यक्रमका सहभागि वक्ताहरुले वर्तमान अवस्थामा पत्रकारिता पेशा अत्यन्त नाजुक रहेको टिप्पणी गरेका छन्।



वक्ताहरुले संचारमाध्यमलाई गरेको हेपहा प्रवृतीले वर्तमान सरकारको निरंकुशता झल्किएको बताउँदै राज्यको चौथो अंगको रुपमा रहेको संचारकर्मी र संचारमाध्यमलाई राज्यले उचित सम्मान र प्रोत्साहन दिनुपर्नेमा जोड समेत दिए।

सरकारले सरकारी संचारमाध्यमलाई मात्र सरकारी विज्ञापन प्रकाशन गर्न दिएको निर्देशन निजि संचारमाध्यमलाई सोबाट रोक्न खोज्नु भनेको राज्यको लोकतन्त्र बिरोधी कदम भएको बताए।

वक्ताहरुले संचारमाध्यमहरुलाई उचित स्थान र पत्रकारिता पेशामा लागेका संचारकर्मीहरुलाई सम्मान दिनुपर्नेमा जोड दिए।

वरिष्ठ पत्रकार अनिल कुमार अनलको प्रमुख आतिथ्य तथा प्रेस सेन्टर नेपाल सप्तरीका अध्यक्ष विन्दु कुमार यादवको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा नेकपा सप्तरीका प्रमुख सुर्यनाथ यादव, नेकपाका नेता प्रताप नारायण चौधरी, पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्ष बिष्णु कुमार मण्डल, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका पूर्वअध्यक्ष श्यामसुन्दर

*बाँकी अन्तिम पृष्ठमा*

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिबिधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- बैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, बन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

[redacted]

# दलित समुदायः संघर्ष, सीप र सम्मानको खोजी

**निरंजनकुमार साह**
धनुषा, १३ जेठ (रासस)।

मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस धनुषा जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन्। तर परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन्।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ। जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको वसोवास उल्लेख्य रहेको छ। जनकपुरधामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भन्नुभयो, “पहिला हाम्रो समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन।” उहाँका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन्। चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएको छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ। तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउनुहुन्छ। डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन्।

धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ। जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ। दैनिक ज्यालादारी मजदूरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन। कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन्। आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन्। सबैला नगरपालिका-१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्नुहुन्छ, “बच्चालाई विद्यालय पठाउन चाहन्छौँ, तर घर चलाउनै गाह्रो हुन्छ।”

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउनुहुन्छ। “कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्”, उहाँले भन्नुभयो। दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ।

प्रारम्भिक शिक्षा पछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उहाँको भनाइ छ। जनकपुरधाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवं मानव अधिकारकर्मी राजु पासवानले बताउनुहुन्छ।

धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय-समयमा सार्वजनिक हुने गरेको छ। दलित महिला अधिकारकर्मी सुनिता राउत मेस्तरका अनुसार जातीय र लैङ्गिक विभेदको दोहोरो असर महिलाले भोगिरहेका छन्। “महिलाले घरभित्र पनि सङ्घर्ष गर्नुपर्छ, समाजमा पनि”, उहाँले भन्नुभयो। राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागिता बढेको देखिए पनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका अझै कमजोर रहेको स्थानीय विश्लेषकहरू बताउँछन्। संविधानले स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेपछि धनुषाका विभिन्न पालिकामा दलित महिला जनप्रतिनिधि निर्वाचित भएका छन्।

धनुषामा अझै पनि जातीय विभेदका घटनाहरू पूर्णरूपमा अन्त्य हुन सकेका छैनन्। केही ग्रामीण क्षेत्रमा अन्तरजातीय विवाहलाई लिएर विवाद, सामाजिक बहिष्कार र तनाव हुने गरेको छ। यद्यपि युवा पुस्तामा जातीय सोच क्रमशः कमजोर हुँदै गएको सङ्केत पनि देखिन्छ। राष्ट्रिय मुसहर सङ्घका अध्यक्ष चन्देश्वर सादाले सामाजिक सञ्जालले चेतना विस्तारमा भूमिका खेलेको बताउनुभयो। “पहिले दबाएर राखिने आवाज अहिले खुलेर उठ्न थालेको छ”। उहाँले भन्नुभयो।

धनुषाका दलित समुदायको सांस्कृतिक योगदान पनि महत्वपूर्ण मानिन्छ। विवाह, धार्मिक उत्सव र मिथिला संस्कृतिसँग जोडिएका विभिन्न बाजागाजा तथा सांस्कृतिक परम्परामा दलित समुदायको विशेष भूमिका रहँदै आएको छ। डोम समुदायका कलाकार बिना मिथिलाका धेरै पारम्परिक संस्कार अधुरा मानिने स्थानीय संस्कृतिविद्हरू बताउँछन्। जनकपुरधामका संस्कृतिविद् पूर्वरजिस्ट्रार सत्यनारायण साहका अनुसार मिथिला संस्कृतिको जीवन्त पक्षमा दलित समुदायको योगदान ऐतिहासिक छ। “समाजले उहाँहरूको श्रम प्रयोग गऱ्यो, तर सम्मान दिन कन्जुस्याइँ गऱ्यो”, उहाँले भन्नुभयो।

स्वास्थ्य क्षेत्रमा पनि दलित बस्तीमा समस्या देखिन्छ। सरसफाइ, पोषण र स्वास्थ्य सेवामा पहुँच कमजोर हुँदा बालबालिका र महिलामा विभिन्न स्वास्थ्य समस्या बढी देखिने चिकित्सक बृजमोहन रजकले बताउनुहुन्छ। “केही ठाउँमा अझै स्वास्थ्य संस्था पुग्न कठिन अवस्था छ”, उहाँले बताउनुभयो। दलित बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ।

सरकार तथा विभिन्न गैरसरकारी संस्थाले दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिरहेका छन्। छात्रवृत्ति, सीपमूलक तालिम, महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम सञ्चालन भए पनि तिनको प्रभाव अपेक्षाअनुसार व्यापक हुन नसकेको स्थानीयवासी बताउँछन्। दलित अगुवा शम्भु महराका अनुसार वास्तविक परिवर्तनका लागि शिक्षा र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ। “आरक्षणले केही अवसर दिएको छ, तर समुदायको ठूलो हिस्सा अझै पछाडि छ”, उहाँले भन्नुभयो।

धनुषाका धेरै दलित युवा अहिले उच्च शिक्षा, पत्रकारिता, राजनीति, सङ्गीत, खेलकुद र सामाजिक अभियानमा सक्रिय हुन थालेका छन्। यसले समुदायमा नयाँ आशा जगाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ। जनकपुरधामकी छात्रा रञ्जिता सदा भन्छिन्, “हामीलाई अवसर चाहिएको हो, दया होइन।” कानुनी रूपमा छुवाछुत अन्त्य घोषणा गरिएको वर्षौं बितिसक्दा पनि मानसिकता परिवर्तनको गति सुस्त रहेको छ।

दलित समुदायको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सम्मानजनक सामाजिक व्यवहारलाई एकसाथ अघि बढाउन आवश्यक छ। स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

मिथिलाको सांस्कृतिक धरोहरलाई जीवित राख्न योगदान दिने दलित समुदायलाई सम्मान, अवसर र समान अधिकार दिन सके मात्र समावेशी समाज निर्माणको सपना सार्थक हुने जानकारहरू बताउँछन्। पुरानो विभेदपूर्ण संरचनासँग सङ्घर्ष गर्दै नयाँ पुस्ता शिक्षा, चेतना र अधिकारको बाटोमा अघि बढिरहेको छ। तर वास्तविक समानता स्थापित गर्न समाजको सोच, राज्यको नीति र व्यवहारिक कार्यान्वयनबीच समन्वयको खाँचो छ।

# वर्ष मलको अभाव हुन नदिन सांसदद्वारा सरकारको ध्यानाकर्षण

काठमाडौँ, १३ जेठ (रासस)।

प्रतिनिधिसभाका सांसदले यस वर्ष किसानलाई मलको अभाव हुन नदिन समयमै व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रतिनिधिसभा, कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा ‘रासायनिक मलको सहज एवं सुलभ आपूर्ति, मौज्दातको वर्तमान अवस्था र वितरण प्रणाली’ बारे भएको छलफलमा उहाँहरूले विगतका वर्षमा जस्तै यस वर्ष कुनै बहानामा किसानलाई मलको अभाव हुन नहुने जनाउँदै समयमा प्रक्रिया अगाडि बढाउनुपर्ने धारणा राखेका हुन्।

सांसद ज्ञानेन्द्र सिंह महताले प्रत्येक वर्ष सरकार वा सम्बन्धित निकायले मल अभावको समस्या मात्रै देखाउनेभन्दा पनि ठोस समस्या पहिचान गरी समाधानको विकल्प अपनाउनुपर्ने बताउनुभयो। सांसद वशुमाया तामाङले नेपाल कृषि प्रधान देश भए पनि मलको निम्ति सधैँभरि विदेशीसँग भर पर्नुको सट्टा मल अभावको दीर्घकालीन समाधानका निम्ति देशभित्रैको अर्ग्यानिक मल उत्पादनलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ भन्नुभयो। सांसद सन्तोष सुब्बाले अहिले पनि मलमा लगानी र व्यवस्थापनमा प्रश्न उडिरहेको उल्लेख गर्दै रासायनिक मलको विकल्पमा लाग्नुपर्ने बताउनुभयो।

सांसद केपी खनालले भन्नुभयो, “यो वर्ष मलको अभाव हुनु हुँदैन, हरेक वर्ष बजेट भएन भन्ने ? कहिले के कहिले के भनेर किसानलाई दुःख दिनु हुँदैन, मल खरिदका निम्ति बजेट अभाव हो भने कृषि सामग्री कम्पनी लिमिटेडले सम्बन्धित कृषि मन्त्रालयलाई समयमै भन्नुपऱ्यो र यो समस्या समयमै समाधान गर्नुपऱ्यो।” समितिका सदस्य लक्ष्मीप्रसाद पोखरेल, राजीव खत्री, पुनमकुमारी अग्रवाल, सुजाता तामाङ, सागर ढकाल र प्रेमबहादुर बयकले यो वर्ष मलको अभाव हुन नहुनेमा जोड दिनुभयो।

समितिका सभापति अशोककुमार चौधरीले असार १५ मा किसानले पर्याप्त मल पाउने गरी तत्काल आवश्यक मल खरिद प्रक्रिया अगाडि बढाउन कृषि सामग्री कम्पनी लिमिटेडलाई निर्देशन दिनुभयो। कृषि सामग्री कम्पनी लिमिटेडले भने देशमा हुने मलखादको मागबमोजिम अनुदान बजेट एवम् वार्षिक खरिद परिमाण नतोकिँदा किसानको मागबमोजिम मल उपलब्ध गराउन नसकिएको जनाएको छ।

लिमिटेडका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलले अन्तरराष्ट्रिय बजारमा रासायनिक मलको मूल्य साप्ताहिक रूपमा परिवर्तन भइरहने तर सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको प्रावधानबमोजिम मल खरिद प्रक्रियामा धेरै समय (करिब २२१ दिन) लाग्ने भएकाले समयमै मल आपूर्ति गर्न कठिनाइ भएको समितिसमक्ष जानकारी गराउनुभयो।

रासायनिक मलखाद बफर स्टकका रूपमा भण्डारण गर्नका लागि गोदाम भण्डारण क्षमता वृद्धि गर्नुपर्ने भएको तर गोदाम निर्माणका लागि कम्पनीसँग बजेटको अभाव रहेको, कम्पनीको बीउ प्रशोधन कारखानाहरू पुराना जीर्ण भई प्रभावकारी रूपमा बीउ प्रशोधन गर्न कठिनाइ हुनु र नयाँ कारखाना स्थापना गर्न बजेटको अभाव रहेको कम्पनीको भनाइ छ। उहाँले अनुदान बजेटमा वृद्धि गरी आपूर्ति परिमाण कम्तीमा ६ लाख मट्रिक टन हुनुपर्ने पनि बताउनुभयो।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रले मन्त्रालयलले आफूसँग भएका सबै विकल्प अपनाएर भए पनि क्षमताले भ्याएसम्म यो वर्ष किसानलाई मलको अभाव हुन नदिने प्रतिबद्धता वयक्त गर्नुभयो।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विकास निर्माणका लागि समानुपातिक बजेटको माग

काठमाडौँ, १३ जेठ (रासस)।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा भाग लिने विभिन्न दलका सांसदहरूले विकास निर्माणका लागि समानुपातिक बजेट विनियोजन हुनुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका स्मृति सेन्चुरीले दोलखामा पर्यटकीय गतिविधि कम भएको, ऐतिहासिक जिरी पदमार्ग इतिहासमा सीमित भएको र अत्यावश्यक सेवा लिन दुर्गम क्षेत्रका बासिन्दालाई कठिनाइ भएको बताउनुभयो। सोही पार्टीका प्रकाश पाठकले सन्तान प्राप्त हुन नसकेका दम्पतीका लागि सहज उपचार पद्धति विकास गरिनुपर्ने बताउनुभयो।

रास्वपाकै मधुकुमार चौलागाईंले काभ्रे क्षेत्र नं १ का सडक बाटोहरू कालोपत्र हुन नसकेको विषयमा ध्यानाकर्षण गराउनुभयो। रास्वपाका बुद्धिप्रसाद पन्तले वीरगञ्ज सहर राज्यलाई कर दिन अगाडि रहे पनि विकास निर्माणका पछि परेकाले त्यहाँको रङ्गशाला र नारायणी प्रादेशिक अस्पतालको पूर्वाधार विकासमा ध्यान दिन माग गर्नुभयो।

सोही पार्टीका नरेन्द्र साह कलवारले भूमिहीन सुकुमवासीले अझैसम्म लालपुर्जा पाउन नसकेको गुनासो गर्नुभयो। सोही पार्टीका प्रमोदकुमार महतोले आधिकारिक निर्णयविना वन कार्यालयका प्रतिनिधि बस्तीमा पुगेर घर भत्काइने चेतावनी दिइएकामा चिन्ता व्यक्त गर्नुभयो। सोही पार्टीका सुजाता तामाङले तापक्रम बढेर हिमाल निरन्तर पग्लँदा विपद्को जोखिम बढेकोतर्फ ध्यानाकर्षण गराउनुभयो।

रास्वपाकै जनकसिंह धामीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज पीडित नागरिकहरू आफ्नै देशमा शरणार्थी हुन परेको गुनासो गर्नुभयो। सोही पार्टीका बोधनारायण श्रेष्ठले धादिङमा निर्वाचन क्षेत्र १ र २ का केही पालिकालाई समावेश गरेर बृहत् पर्यटकीय क्षेत्र बनाउन खोजेकाले बजेट विनियोजन गर्न माग गर्नुभयो।

सोही पार्टीका ज्ञानेन्द्रसिंह महताले विशिष्ट व्यक्तिको सुरक्षाका नाममा धेरै सुरक्षाकर्मी खटाउन नहुने सुझाव दिनुभयो। रास्वपाकै प्रशान्त उप्रेतीले मकवानपुरको मध्यवर्ती क्षेत्रका किसानको मानवीय र बाली संरक्षण चुनौतीपूर्ण भएको बताउनुभयो।

रास्वपाको बदनकुमार भण्डारीले संविधानमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा भनिए पनि निजी क्षेत्रमा जथाभावी शुल्क लिएकामा राज्यले टुलुटुलु हेरेर बस्न नमिल्ने टिप्पणी गर्नुभयो। सोही पार्टी विधुशी राणाले मुलुकमा आत्मनिर्भर अर्थतन्त्र बनाउन माग गर्नुभयो। रास्वपाका विश्वराज पोखरेलले 'भिजिट नेपाल २०८५' लाई सफल बनाउन ओखलढुङ्गाको पोकली झरनालगायत महत्वपूर्ण क्षेत्रमा पर्यटकीय विकास गर्न आग्रह गर्नुभयो।

नेपाली कांग्रेसका सीता थपलियाले निर्माण सामग्रीको मूल्य निरन्तर वृद्धि हुँदा आयोजनाहरू प्रभावित हुनाका साथै निर्माण उद्योग प्रभावित भएकामा ध्यानाकर्षण गराउनुभयो। सोही पार्टीका गीताकुमारी सेन्दाङले अहिले पनि महिलाहरू दाइजो र हिंसाको सिकार भइरहेको बताउनुभयो।

नेकपा (एमाले) का मोहम्मद इस्तियाक राईले भारतीय सीमा पारिबाट सर्वसाधारणले दैनिक जीवनका लागि ल्याउने सामान र कोसेलीसमेत भन्सार नाकामा सुरक्षाकर्मीले रोक्ने कार्य मानवीय हुन नसक्ने टिप्पणी गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का युवराज दुलालले स्थानीय तहमा हस्तान्तरण गरिएको वित्तीय समानीकरणको रकम कटौती नगर्न सङ्घीय सरकारसँग आग्रह गर्नुभयो।

श्रम संस्कृति पार्टीका आरेन राईले प्रतिनिसभा नियमावलीको भावना र मर्मबमोजिम प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने माग गर्नुभयो। सोही पार्टीका धुवराज राईले बाँदर आतङ्कका कारण किसान समस्यामा परेकाले बाँदरलाई के गर्ने भनेर छलफल हुनुपर्ने बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका खुश्बु ओलीले सरकारले बनाएको संविधान संशोधन कार्यदलले आफ्नो पार्टीले उठाउँदै आएको सनातन हिन्दू राष्ट्रलगायतका मुद्दाबारे ध्यान दिइयोस् भन्नुभयो।

स्वतन्त्र सांसद महावीर पुनले दुरदराजमा सूचना प्रविधिको पहुँच विस्तारका लागि सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो।


राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.सं. ०८२/०८३
च.नं. १५०५

मिती :- २०८३।०२।१३

विषय:- सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने अलि महमद मियाँ र म.महमुल ले तपसिल का जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८३।०१।०८ गते मा द.न. १३२१ को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तपसिल

जिल्ला सप्तरी रा.बि.न.पा.१० हाल १ बस्ने भुसुर मियानी नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | अर्नाही | ९ | ९६ | ०-१-५ |



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजबिराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं. ११९०३

मिति:- २०८३।०२।८

विषय:-३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सुचना।

२००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता बमोजिम रैति नं.२६७ को रैति लेलहु गोप ग्वारको नाममा कायम रहेका सा प्रगन्ना रायझमुना मौजे काचन र रैत नं.५५ को कारी यादवको नाउँमा तपसील बमोजिमको जग्गा लेलहु गोप र गोपको नाममा ७ न.फाँटबारीमा जि.स.पं.काचनको तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे भई तपसिल बमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.काचन वार्ड नं. ८ हाल परिवर्तित बोदेबरसाइन न.पा.वार्ड नं.८ स्व.लेलहु यादबको नाति स्व.मंगल यादवको छोरा धरम लाल यादवले छुट जग्गा दर्ता नामसारी गरी ज.ध.प्र.पुर्जा पाउँ यस कार्यालयमा द. न.१५२२१ मिति २०८२।१०।१२ गतेमा निवेदन परी हक दावी सम्वन्धित सार्वजनीक सुचना प्रकाशित मिति २०८२।१०।२५ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्वन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरु समेतको नाममा छुट जग्गा दर्ता गर्नेको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भ मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआ निवेदकहरु समेतको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाहि भै जाने छ। सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ।

तपसील

| सा.कि.नं. | गा.बि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २३८६ | काचन | ७ | २९८/ ५०२ | ०-१२-१६ | ०-१२-१६ मध्ये उत्तर तर्फबाट ०-६-८ | स्व.लेलहु गोप र कारी गोपको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा सालमा लेलहु गोप र कारी गोपको नाउँमा कायम रहेको | फिल्डबुकको जग्गाधनी महलमा खाली किसानको महलमा र कैफियत महलमा खा रहेको। |


# विश्व समाचार

## नासाद्वारा चन्द्रमाको सतहमा मानव बस्तिका लागि चन्द्र आधार योजना सार्वजनिक

वासिङ्टन, १३ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राज्य अमेरिकाको राष्ट्रिय हवाई यातायात तथा अन्तरिक्ष प्रशासन (नासा) चन्द्रमाको दक्षिणी ध्रुव नजिकै दिगो मानव बस्ति स्थापना गर्ने योजनाहरूको रूपरेखा प्रस्तुत गर्दै आफ्नो पहलको अनावरण गरेको छ। वासिङ्टनमा रहेको आफ्नो मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा नासाका अधिकारीहरूले चन्द्रमा दीर्घकालीन मानव अन्वेषण, वैज्ञानिक अनुसन्धान र व्यावसायिक गतिविधिहरूलाई सहयोग गर्न चन्द्र पूर्वाधारको विकासका लागि एजेन्सीको रणनीति कार्य योजना प्रस्तुत गरेका हुन। नासाका अनुसार चन्द्र आधार योजनालाई तिन चरणमा विकास गरिनेछ। सन् २०२९ सम्म चल्ने पहिलो चरण रोबोटिक अन्वेषण र प्रविधि प्रदर्शनमा केन्द्रित छ। दोस्रो चरण, सन् २०२९ देखि २०३२ सम्म, प्रारम्भिक आवास प्रणाली, साथै बिजुली र सञ्चार पूर्वाधारमा केन्द्रित रहने जनाइको छ। यसै गरी सन् २०३२ पछि सुरु हुने, तेस्रो चरणमा चन्द्रमामा दिगो मानव उपस्थिति स्थापना गर्ने र चन्द्र संसाधनहरूको उपयोगका लागि उन्नत प्रविधिहरू स्थापना गर्ने लक्ष्य रहेको जनाइएको छ।

नासाले चन्द्रमाको दक्षिणी ध्रुवलाई यसको सूर्यको प्रकाशको विस्तारित अवधिको कारण लक्षित क्षेत्रको रूपमा चयन गरिएको जनाएको छ जुन सौर्य ऊर्जा उत्पादनका लागि अनुकूल छ। चन्द्रमाको सबै भन्दा पुरानो भूभाग नजिकै अवस्थित रहेकाले यो क्षेत्र उच्च वैज्ञानिक चासोको विषय भएको पनि बताइएको छ। नासाका अनुसार यस क्षेत्रका नमूनाहरूले चन्द्र र पृथ्वी-चन्द्र प्रणालीको प्रारम्भिक इतिहास, साथै सौर्यमण्डलको विकासको बारेमा नयाँ अन्तरदृष्टि प्रदान गर्न सक्छ। नासाले यस क्षेत्रले विज्ञान, प्रविधि प्रदर्शन र अन्वेषण, भविष्यका गहिरो अन्तरिक्ष मिसनहरूका लागि उन्नत प्रविधि केन्द्रका रूपमा काम गर्ने बताएको छ। नासाले यस क्षेत्रमा सम्बन्धित पूर्वाधारको विकासमा व्यावसायिक साझेदार र अन्तर्राष्ट्रिय सहयोगीहरूले प्रमुख भूमिका खेल्ने बताएको छ।

## युद्धका कारण इन्धनको मूल्य बढे पछि उडानमा कटौती गर्दै एयर इन्डिया

नयाँदिल्ली, १३ जेठ (रासस/एएफपी)।

एयर इन्डियाले मध्यपूर्व युद्धको कारण इन्धनको मूल्य बढे पछि अन्तर्राष्ट्रिय उडान कटौती गर्ने र अस्थायी रूपमा धेरै घरेलु उडानहरू घटाउने बताएको छ। फेब्रुअरी -२८ मा तेहरानमा भएको अमेरिकी-इजरायली आक्रमण पछि इरानले स्ट्रेट अफ होर्मुज बन्द गरे पछि उड्डयन इन्धनको मूल्य बढेको छ। प्रेस ट्रस्ट अफ इन्डिया समाचार एजेन्सीले स्रोतलाई उद्धृत गर्दै एयरलाइन्सको पाँचौं भन्दा बढी घरेलु उडानहरू प्रभावित हुन सक्ने सुझाव दिएको छ। उडान परिवर्तनबाट प्रभावित यात्रुहरूलाई वैकल्पिक उडानहरूमा पुनः बुक गरिने वा पूर्ण फिर्ती प्रस्ताव गरिने एयरलाइन्सले जनाएको छ। एयर इन्डियाले अवस्था स्थिर भए पछि पुनः उडान नियमित गर्ने योजना सहित यो निर्णय गरेको जनाएको छ। यस अघि एयर इन्डियाले मे महिनाको सुरुमा नयाँ दिल्ली, मुम्बई र चेन्नई लगायत भारतीय सहरहरूबाट शिकागो, साङ्घाई, माले र सिङ्गापुर जाने उडानहरु जुन र अगस्टको बिचमा स्थगित गरेको घोषणा गरेको थियो।

## रुसले बनायो नयाँ इबोला खोप

मस्को, १३ जेठ (रासस/एएनआई)।

अफ्रिकामा इबोला सङ्क्रमणको जोखिम बढिरहेका बेला रुसले इबोलाको नयाँ स्ट्रेनविरुद्ध प्रभावकारी हुन सक्ने खोप विकास गरेको दाबी गरेको छ। दक्षिण अफ्रिकास्थित रुसी दूतावासका अनुसार रुसी वैज्ञानिकहरूले तयार पारेको उक्त खोपले हाल प्रकोपसँग जोडिएको दुर्लभ 'बुन्डिबुग्यो' स्ट्रेनबाट समेत सुरक्षा दिन सक्ने सम्भावना देखाएको छ। दूतावासले रुसी स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोलाई उद्धृत गर्दै वैज्ञानिकहरूले इबोला भाइरसको नयाँ स्वरूपविरुद्ध खोप विकास गरेको जानकारी दिएको जनाएको छ। विशेषगरी कङ्गो क्षेत्रमा देखिएको प्रकोपसँग सम्बन्धित बुन्डिबुग्यो स्ट्रेनविरुद्ध पनि यो खोप उपयोगी हुन सक्ने दाबी गरिएको छ।

मध्य अफ्रिकामा फैलिरहेको इबोला प्रकोपले अन्तर्राष्ट्रिय स्वास्थ्य निकायहरूको चिन्ता बढिरहेका बेला रुसले नयाँ इबोला स्ट्रेनविरुद्ध खोप विकास गरेको घोषणा गरेको छ। अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम (आइएचआर) २००५ अन्तर्गत विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले मे १७ मा कङ्गो लोकतान्त्रिक गणतन्त्र (डीआरसी) र युगान्डामा देखिएको इबोला प्रकोपलाई ध्यानमा राख्दै अवस्थालाई 'अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य आपतकाल' (पीएचइआइसी) का रूपमा वर्गीकृत गरेको थियो। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिअनुसार अफ्रिका रोग नियन्त्रण तथा रोकथाम केन्द्र (अफ्रिका सीडीसी) ले पनि कङ्गो र युगान्डामा फैलिरहेको बुन्डिबुग्यो स्ट्रेनसँग सम्बन्धित इबोला भाइरस रोगको प्रकोपलाई औपचारिक रूपमा पुष्टि गरेको छ।

यसबीच, डब्ल्युएचओको आइएचआर आपतकालीन समितिले मे २२ मा थप सतर्कताका उपाय सुझाउँदै अस्थायी सिफारिसहरू सार्वजनिक गरेको थियो। समितिले बुन्डिबुग्यो भाइरस पुष्टि भएका क्षेत्रबाट आएका अस्पष्ट ज्वरोका बिरामी यात्रुहरूको पहिचान, मूल्याङ्कन, प्रतिवेदन र व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय प्रवेश नाकाहरूमा रोग निगरानी प्रणाली थप बलियो बनाउन आग्रह गरेको छ। साथै, भाइरस देखिएका क्षेत्रमा अनावश्यक यात्रा नगर्न पनि सिफारिस गरिएको छ।

प्रेस विज्ञप्तिअनुसार कङ्गो लोकतान्त्रिक गणतन्त्र र युगान्डासँग सीमा जोडिएका देशहरू, विशेषगरी दक्षिण सुडानलगायतका क्षेत्रमा रोग फैलिने जोखिम उच्च रहेको आकलन गरिएको छ। इबोला रोग अत्यन्त गम्भीर भाइरल रक्तस्रावी ज्वरो हो। यो इबोला भाइरसको बुन्डिबुग्यो स्ट्रेनको सङ्क्रमणबाट उत्पन्न हुन्छ। यो रोग उच्च मृत्युदरसँग सम्बन्धित मानिन्छ। हालसम्म बुन्डिबुग्यो स्ट्रेनबाट हुने इबोला रोगको रोकथाम वा उपचारका लागि कुनै खोप वा विशेष उपचारलाई औपचारिक स्वीकृति प्राप्त भएको छैन। यही सन्दर्भमा रुसले गरेको नयाँ खोप विकासको दाबीलाई अन्तर्राष्ट्रिय स्वास्थ्य समुदायले चासोका साथ हेरिरहेको छ।

# किर्तिमान कायम गर्दै राष्ट्रिय भारोत्तोलन प्रतियोगिता सम्पन्न




**दैनिक समाचारदाता राजविराज, १३ जेठ।**
राजविराज जारी प्रथम राष्ट्रिय भारोत्तोलन प्रतियोगिता आधा दर्जन भन्दा बढी नयाँ किर्तिमान कायम गर्दै बुधबार सम्पन्न भएको छ।

प्रतियोगितामा विभिन्न तौल समूहमा महिला र पुरुषतर्फ ९ वटा नयाँ राष्ट्रिय किर्तिमान कायम भएको छ। प्रतियोगितामा नेपाल प्रहरीकी हिरामोती थारु, पूजा कुमाल र विद्या राई सप्तरीकी सन्तोषी कुमारी यादव र रामकुमार यादवले आ-आफ्नो तौल समूहमा नयाँ राष्ट्रिय किर्तिमान कायम गरेका छन्।

कास्कीकी सरस्वती गुरुङ, एपिएफका सन्तोष चौधरी र निशाना बलाल तथा कंचनपुरका अशोक सिंह भण्डारीले पनि आ-आफ्नो तौल समूहमा विगतका रेकर्ड तोड्दै नयाँ राष्ट्रिय किर्तिमान बनाएका छन्।

प्रतियोगितामा महिला र पुरुष दुवै तर्फ गरि नेपाल प्रहरीले सर्वाधिक ४ स्वर्ण पदक प्राप्त गरेका छन्। त्यस्तै सप्तरी, नेपाली सेना र सशस्त्र प्रहरीले ३/३, कंचनपुरले २ तथा कास्कीले एक स्वर्ण पदक हात पारेका छन्।

भारोत्तोलन संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा तीन विभागिय टोली नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित सात वटै प्रदेशका महिला/पुरुष गरि १ सय ५० खेलाडी सहभागि थिए।

प्रतियोगिता समाप्तिपछी संघका अध्यक्ष पुन्तिलाल यादवको अध्यक्षतामा आयोजित समापन समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनले बिजयी खेलाडीहरुलाई पुरस्कार प्रदान गरेका थिए।

# मधेश प्रदेशस्तरीय महिला क्रिकेट छनोट प्रतियोगिता आजदेखी



**दैनिक समाचारदाता राजविराज, १३ जेठ।**
प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागि मधेश प्रदेशस्तरीय सिनियर महिला तथा यू-१९ छनोट प्रतियोगिता जेठ १४ गतेदेखि राजविराजमा सुरु हुने भएको छ।

सप्तरी क्रिकेट संघको आयोजनामा आयोजित हुने उक्त प्रतियोगितामा प्रतियोगितामा मधेश प्रदेशका आठ जिल्लाका महिला क्रिकेट टोलीहरुको सहभागिता रहने सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवले जानकारी दिएका छन्।

प्रतियोगितामार्फत प्रधानमन्त्री कप राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागि मधेश प्रदेशको प्रतिनिधित्व गर्ने उत्कृष्ट सिनियर महिला तथा यू-१९ खेलाडी छनोट गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताको उद्घाटन खेल सिरहा र सप्तरीबीच तथा दोस्रो खेल सर्लाही र धनुषाबीच हुने तय गरिएको छ।

यसैबीच नेपाल क्रिकेट संघले यू-१९ महिला खेलाडीहरूको उमेर बारे संशोधित जानकारी सार्वजनिक गरेको छ। क्यानले २०८२ जेठ २३ गते जिल्ला तथा प्रदेश क्रिकेट संघहरूलाई पठाएको आधिकारिक पत्रमार्फत नयाँ व्यवस्था लागू गरिएको जानकारी दिएको हो।

पत्रअनुसार यसअघि यू-१९ महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि खेलाडीहरूको उमेरको कट या डेट १ सेप्टेम्बर २००७ उल्लेख गरिएको छ।

तर एशियन क्रिकेट काउन्सीलबाट प्राप्त नयाँ जानकारीअनुसार एसीसी अन्तर्गत आयोजना हुने यू-१९ महिला प्रतियोगिताका लागि १ सेप्टेम्बर २००६ कायम गरिएको छ।

त्यस्तै इन्टरनेशनल क्रिकेट काउनसील अन्तर्गत आयोजना हुने यू-१९ महिला प्रतियोगिताका लागि भने १ सेप्टेम्बर २००७ नै कायम रहने क्यानले स्पष्ट पारेको छ।

सोही आधारमा खेलाडी छनोट प्रक्रिया अगाडि बढाउन सबै जिल्ला तथा प्रदेश क्रिकेट संघहरूलाई निर्देशन दिइएको पत्रमा उल्लेख छ।

क्रिकेट अपरेसन म्यानेजर विनोद कुमार दासद्वारा हस्ताक्षरित उक्त पत्रपछि अहिले जारी मधेश प्रदेशस्तरीय छनोट प्रतियोगितामा पनि सोही मापदण्डअनुसार खेलाडी छनोट गरिने जनाइएको छ।

# स्वास्थ्य बीमा बोर्डद्वारा 'सुविधा थैली' को दररेटमा परिवर्तन

काठमाडौँ, १३ जेठ (रासस)।
स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य उपचारका लागि 'सुविधा थैली' को दररेट परिवर्तन गरेको छ।

स्वास्थ्य बीमा लागू भएपछि पहिलो पटक बोर्डले औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षणको सुविधा थैली दररेट परिवर्तन गरेको हो।

बोर्डका कार्यकारी निर्देशक शकुन्तला प्रजापतिले सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिमार्जित नयाँ दरअनुसार औषधि, औषधिजन्य सामग्री, स्वास्थ्य सेवा, शल्यक्रिया तथा प्रयोगशालको परीक्षण शुल्क लिन निर्देशन दिएको बताउनुभयो।

उक्त नयाँ सुविधा थैलीको दररेट यही जेठ १६ गतेदेखि लागू हुनेछ। उहाँले बोर्डले विगत १० वर्षदेखिको दाबी, सेवा उपभोगसम्बन्धी तथ्याङ्क विभिन्न स्वास्थ्य संस्थाबाट प्राप्त दररेट, चिकित्सकीय सान्दर्भिकता, लागत प्रभावकारिता रोगभार तथा स्वास्थ्य प्रणालीको वित्तीय दिगोपनलाई आधार बनाएर सुविधा थैली परिवर्तन गरिएको बताउनुभयो।

सूचना अधिकारी विकेश मल्लले स्वास्थ्य बोर्डको वित्तीय अवस्था, दायित्व स्वास्थ्य सेवा उपयोगको दर हेरेर दररेट निर्धारण गरिएको बताउनुभयो। उहाँले बोर्डमा पर्ने आर्थिक चाप घटाउनका लागि सुविधा थैलीको दररेट परिमार्जन गरको बताउनुभयो।

नयाँ दररेटअनुसार औषधिको औषधि व्यवस्था विभाग, प्रयोगशाला परीक्षणको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य सेवाको सरकारी अस्पताललाई आधारमा मानेर तोकिएको उहाँको भनाइ छ।

नयाँ सुविधा थैलीमा आमा सुरक्षा कार्यक्रम, जस्ता दोहोरिएका कार्यक्रमलाई हटाइएको उहाँले बताउनुभयो। "स्वास्थ्य उपचार सेवा न्यून दररेट कामय गरेर सुविधा थैली बनाएको हो," उहाँले भन्नुभयो, "प्रयोग नहुने औषधिलाई हटाइएको छ।"

सूचना अधिकारी मल्लले अहिले एक हजार १७० प्रकारका औषधि मात्र बोर्डबाट उपलब्ध हुने गरी बीमितले पाउने बताउनुभयो। यसअघि बोर्डले एक हजार २८९ प्रकारका औषधि उपलब्ध गराउँदै आएको थियो।

### वर्तमान अवस्थामा ...

यादव, पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष नवीन कुमार गुप्ता, समाजवादी प्रेस संगठनका केन्द्रीय सदस्य सतीश कुमार दत्त, सल्लाहकार सुरेन्द्र प्रसाद गुप्ता, नेकपाका सप्तरी सदस्य छेदी रजक, नेकपाका नेता बिनोद यादव लगायतले वर्तमान अवस्थामा संचारकर्मी र संचारमाध्यमको अवस्था बारे धारणा राखेका थिए।

# उच्च रक्तचापका बिरामी बढ्दै

काठमाडौँ, १३ जेठ (रासस)।
अस्वस्थकर खानपानका कारण उच्च रक्तचापका बिरामी बढिरहेको हुन्। वयस्क नेपालीमा उच्च रक्तचापको दर २४.५ प्रतिशत रहेको छ।

स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा निर्देशक डा अनुज भट्टचनले अत्यधिक नुन र हानिकारक चिल्लो पदार्थको खानपान शारीरिक निष्क्रियता, धूम्रपान तथा मद्यपानको बढ्दो प्रयोग, मानसिक तनाव, वायु प्रदूषण तथा सहरीकरण जस्ता कारणहरूले उच्च रक्तचापको जोखिम निरन्तर बढिरहेको बताउनुभयो।

नेपालमा कुल मृत्युको करिब ७० प्रतिशत हिस्सा नसर्ने रोगहरूले ओगटेको छ। यसरी हुने मृत्युमध्ये मुटु तथा रक्तनली सम्बन्धी रोगबाट २७.३६ प्रतिशत रहेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वभर करिब १.४ अर्ब मानिस उच्च रक्तचापबाट प्रभावित छन्। यो सङ्ख्या निरन्तर बढ्दो छ।

उच्च रक्तचाप प्रभावित व्यक्तिमध्ये ठूलो हिस्सा आफ्नो रोगको अवस्थाबारे अनभिज्ञ हुनु हो। विभिन्न उपायले उच्च रक्तचाप नियन्त्रण गर्न सकिने हुँदाहुँदै चारमध्ये एक जनाको मात्र रक्तचाप नियन्त्रणमा रहेको छ।

दैनिक कम्तीमा ३० देखि ४५ मिनेट शारीरिक व्यायाम गर्ने, धूम्रपान तथा मद्यपानबाट टाढा रहने, पर्याप्त निद्रा र तनाव व्यवस्थापनमा ध्यान दिनसमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आग्रह गरेको छ।

### बाढीबाट हुने ...

यादव, बिजय कुमार यादव, मधेश प्रदेशका गृहसंचार मन्त्रालयका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति अवनिश मिश्रा, सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादव, तिलाठी कोइलाडी गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजु झा, विपद् व्यवस्थापन अधिकृत राजेश झा लगायतले पनि विपद्का बेला कसरी जोगिने र अरुलाई पनि कसरी जोगाउने भन्ने विषयमा आ-आफ्नो सुझाव राखेका थिए।

# सर्पदंशबाट बच्न स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौँ, १३ जेठ (रासस)।
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सर्पदंशबाट बच्न आग्रह गरेको छ। गर्मी बढेसँगै सर्प दुलोबाट निस्कने र मानिसलाई टोक्ने भएकाले सर्पदंशबाट बच्न मन्त्रालयले आग्रह गरेको हो।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले गर्मी महिनामा सर्प बाहिर निस्कने भएकाले सतर्क रहन आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "नेपालमा गोमन, राजगोमन, करेत, मुगा, बाघेजस्ता विषालु सर्प रहेका छन्। यस्ता सर्पको टोकाइबाट बच्न सबैमा आग्रह छ।"

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बाँस्तोलाले गर्मी बढेसँगै अस्पतालमा सर्पदंशका बिरामी बढी आउने गरेको बताउनुभयो। उहाँले काभ्रे, धादिङ, तनहुँ, रामेछाप, दोलखालगायत जिल्लाबाट सर्पदंशका बिरामी धेरै आउने गरेको जानकारी दिनुभयो।

सर्पले टोकिहाले डसेको ठाउँलाई चल्न नदिई स्थिर राख्न, सर्पले डसेको ठाउँमा काट्ने, चुस्ने, बाँध्नेजस्ता कार्य नगर्न, कुनै पनि मलम, रासायनिक पदार्थ, तातोचिसो प्रयोग नगर्न, बिरामीको आत्मविश्वास कायम राख्ने, डस्ने सर्पको पहिचान गर्ने र बिरामीलाई जतिसक्दो चाँडो अस्पताल पुऱ्याउन डा बाँस्तोलाले आग्रह गर्नुभयो।

उहाँका अनुसार सर्पदंशबाट बच्नका लागि राति हिँड्नु परे टर्च लाइट लिएर हिँड्ने, जुत्ता वा गमबुट लगाउने, खुट्टा राम्ररी छोप्ने बाक्लो पाइन्ट लगाउने, घरवरपरको घाँस, झारपात काटेर सफा राख्नेजस्ता उपायबाट अपनाउनुपर्दछ।

त्यस्तै डा बाँस्तोलाले काठ, ढुङ्गा, टुटेफुटेको सामानको थुप्रा हटाउने, जमिनका दुलाहरू टाल्ने, पराल, दाउरा, आदि तान्दा जाँदा होसियारी अपनाउने, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्ने, झूल टाँगेर मात्र सुत्ने जस्ता उपाय अपनाउन आग्रह गर्नुभयो।

# मनसुनी विपद्: खोज/उद्धारमा एक सय ३४ गोताखोरसहित २६ हजार सुरक्षाकर्मी तयारी अवस्थामा

काठमाडौँ, १३ जेठ (रासस)।
नेपालमा प्रवेश गर्न लागेको मनसुनका समयमा हुने विपद्जन्य घटनाको खोज तथा उद्धारका लागि मात्रै सरकारले १३४ गोताखोरसहित २६ हजार २१९ जना सुरक्षाकर्मी तयारी अवस्थामा राखेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार उनीहरू तीनवटै सुरक्षा निकायबाट तयार भएका जनशक्ति देशभर आवश्यकतामा आधारमा परिचालित हुनेछन्।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार मनसुनी विपद्मा हुने सबै तयारी गरिएको र राष्ट्रिय प्रतिकार्ययोजनासमेत तयार पारी लागू भइसकेको बताउनुभयो। उहाँका अनुसार निकायहरूलाई जिम्मेवारी तोकिइसकेको बताउनुभयो।

उहाँका अनुसार मनसुनी विपद्का बेलामा हुने घटनाको खोज तथा उद्धारका लागि नेपाली सेनाका सात हजार ५२४, नेपाल प्रहरीका १० हजार ५८५ र सशस्त्र प्रहरीबाट १३४ गोताखोरसहित आठ हजार ११० जना तयारी अवस्थामा राखिएको छ।

उनीहरू आवश्यकताका आधारमा ७७ वटै जिल्लामा खोज तया उद्धारका लागि तयार पारिएका जनशक्ति हुन्। यसबाहेक पनि आवश्यकताका आधारमा हरेक जिल्लामा रहेका जनशक्तिहरू परिचालन हुने जनाइएको छ।

प्राधिकरणले यसपालि मनसुनजन्य विपद्बाट देशभर ५१ हजार ८६८ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसङ्ख्या प्रभावित हुने अनुमान गरेको छ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा सरदरभन्दा कम वर्षा र सरदरभन्दा बढी गर्मी हुने आकलन गरेको र सोही आधारमा प्रभावितको सङ्ख्या अनुमान गरिएको प्रवक्ता महतले बताउनुभयो। तर, कम पनि निश्चित क्षेत्रमा असर गर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन भनिएको छ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*